जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३१ अंक २३२ २०७९ साल बैशाख ६ गते मंगलबार (19 Apr. 2022 Tuesday) मूल्य रु. ५/-
Log in : rajbirajdainik.com.np

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं।

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : विसं २०७८ : प्राकृतिक... ३ पृष्ठमा : सातौं कृषि गणना : परिणाम... ३ पृष्ठमा : तीन महिनामा छ जनालाई ...

## सप्तरी काँग्रेस उपसभापति यादवद्वारा पदभार ग्रहण



**दैनिक समाचारदाता**
**राजविराज, ५ बैशाख ।**

नेपाली काँग्रेस केन्द्रीय निर्वाचन समितिले नेपाली कांग्रेस सप्तरीको उपसभापतिमा रामकुमार यादवलाई निर्वाचित भएको घोषणा गर्दै प्रमाणपत्र दिएपछि उनले सोमबार पदभार ग्रहण गरेका छन् ।

पुनः गणनामा एक मतले निर्वाचित भएका यादवलाई सोमबार जिल्ला पार्टी कार्यालयमा जिल्ला सभापति रामदेव साहले पदभार ग्रहण गराएका हुन् ।

पदस्थापन कार्यक्रममा सभासद् रञ्जित कर्ण, क्षेत्र नम्बर ४ का सभापति सिताराम साह, प्रदेश क्षेत्रीय सभापति उमेश मिश्र, राजविराज नगर सभापति आनन्द झा, यूवा नेता मो. इर्साद अन्सारीलगायतको उपस्थिति रहेको थियो ।

संस्थापन पक्षका रामप्रसाद मण्डलसँग ६ मतले पराजित भएका भनिएका निकटतम प्रतिद्वन्दी डा.शेखर कोईराला पक्षका राम कुमार यादव मतगणनामा धाँधली भएको भन्दै पार्टीको केन्द्रीय निर्वाचन समितीमा पुर्नयोगका लागी उजुरी दिएका थिए । यादवको उजुरीपछि छानवीन शुरु गरेका केन्द्रीय निर्वाचन समितीले मतगणनामा प्रयोग गरिएका रजिष्टर र मतगणना सिट जाँच गर्दा मण्डलको १ हजार ५२ र यादवको १ हजार ५३ मत देखीएको भन्दै यादव १ मतले विजयी भएको ठहर गरेको हो ।

यसअघि केन्द्रीय निर्वाचन समितिले गरेको निर्णयको भर्त्सना गर्दै संस्थापन पक्षले उक्त निर्णय बदरको माग गरेको छ । निर्णय बदर नगरिए आन्दोलनमा उत्रने चेतावनी समेत दिएको छ ।

केन्द्रीय निर्वाचन समितिले रामप्रसाद मण्डलको नाममा जारी भएको नेपाली कांग्रेस सप्तरी जिल्लाको उपसभापति पदको निर्चाचित भएको प्रमाण पत्र रद्द गर्दै दोस्रो बढी मत प्राप्त गरी निर्वाचित भएका यादवको नाममा उपसभापति पदको निर्वाचित भएको प्रमाण पत्र केन्द्रबाट नै जारी गरी उनलाई प्रदान गर्ने निर्णय गरेको हो ।

## संयुक्त निर्वाचन सञ्चालन केन्द्र स्थापना हुँदै

काठमाडौँ, ५ वैशाख (रासस) ।

निर्वाचन आयोग र सुरक्षा निकायका प्रतिनिधित्व हुने गरी यही वैशाख १० गते आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) स्थापना हुँदैछ ।

निर्वाचनलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न आयोगका सहसचिवको संयोजकत्वमा गृहमन्त्रालय, रक्षा मन्त्रालय र सुरक्षा निकायका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतको प्रतिनिधित्व केन्द्रमा रहनेर्छ,स। यही वैशाख ३० गते शुक्रबार हुने स्थानीय तह निर्वाचनमा उम्मेदवारको मनोनयन यही वैशाख ११ र १२ गते हुँदैछ ।

निर्वाचन कार्यालय स्थापना गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने तथा जिल्ला निर्वाचन कार्यालय र निर्वाचन अधिकृतको कार्यालयद्वारा सञ्चालित निर्वाचन कार्यक्रमसम्बन्धी प्रगति प्रतिवेदन तुरुन्त प्राप्त गरी सचिवालयमार्फत आयोगमा पेश गर्ने केन्द्रको मुख्य कार्य जिम्मेवारी रहने छ ।

विभिन्न सुरक्षा निकायसँग समन्वय र सम्पर्क गरी निर्वाचनसम्बन्धी वस्तुस्थिति बुझी सुरक्षासहित आयोगमा पेश गर्ने, निर्वाचन कार्यक्रम सञ्चालनसँग सम्बन्धित सबै विषय प्रवक्तामार्फत सबै सामु पुऱ्याउन आवश्यक सूचना र विवरण उपलब्ध गराउने कार्य जिम्मेवारी रहेको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र अन्य निकायले पेश गरेका समस्या समाधान गर्न आवश्यक व्यवस्था मिलाउने, निर्वाचन सुरक्षा तथा निर्वाचन हिंसाका घटना परिघटनको सङ्कलन एवं विश्लेषण, रोकथाम र समाधान गर्नका लागि उपयुक्त कदम चल्न आयोग र सम्बन्धित निकायमा केन्द्रले सुझाव पेश गर्नेछ ।

निर्वाचन व्यवस्थापनसम्बन्धी सूचना सङ्कलन, प्रशोधन, विश्लेषण अद्यावधिक गर्ने तथा दैनिक प्रतिवेदनसम्बन्धी काम गर्ने केन्द्रबाट हुनेछ । केन्द्रले निर्वाचन कार्य सम्पन्नपछि आयोगसमक्ष अन्तिम प्रतिवेदन पेश गर्ने कार्य जिम्मेवारीछ ।

## निर्वाचन कुनै हालतमा सर्दैन : प्रचण्ड

काठमाडौँ, ५ वैशाख (रासस) ।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशव्यापीरुपमा स्थानीय तहको निर्वाचनको प्रक्रियामा सबै राजनीतिक दल जनताकोबीचमा गइरहेका बेला निर्वाचन सर्छ भनेर गरिएको प्रचार सत्य नरहेको बताउनुभएको छ ।

"केही मानिसले त निर्वाचन हुने दिनको बिहानसम्म पनि निर्वाचन सर्दैछ रे नी हो ? भनेर जिज्ञासा राख्ने गरेको पाइन्छ । यो नेपालमा एक खालको प्रवृत्ति पनि देखिएको छ", अध्यक्ष प्रचण्डले भन्नुभयो, "गठबन्धनका आबद्ध दलका तर्फबाट यस्तो विषयमा कहीँकतै पनि चर्चा भएको छैन । यही वैशाख ३० गते नै निर्वाचन हुन्छ, गरिन्छ ।"

नेकपा(माओवादी केन्द्र) द्वारा पार्टी केन्द्रीय कार्यालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा उहाँले नेत्रविक्रम चन्द समूहलाई निर्वाचनमा सहभागी गराउने भन्दै निर्वाचन सार्न लागिएको छ रे नी ? भन्ने प्रश्नको जिज्ञासामा भन्नुभयो, "विप्लव समूहलाई निर्वाचनमा कसरी सहभागी गराउने भन्नेबारेमा गठबन्धन दलका बीचमा साझा मत छ । उहाँहरु पनि निर्वाचनमा सहभागी हुन्छौँ भनेर आउनुभएको छ । त्यसको सम्मान गर्नुपर्छ । तर निर्वाचन भने सर्दैन ।"

अध्यक्ष प्रचण्डले संविधान, लोकतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशी, समानुपातिक प्रतिनिधित्वको रक्षाका लागि गठन भएको आफूहरुको गठबन्धनलाई नै जनताले पुनःसाथ दिने विश्वास व्यक्त गर्नुभयो ।

## ४६ जिल्लाका लागि ९५ लाख २५ हजार थान मतपत्र छापिसके

**दैनिक समाचारदाता**
**राजविराज, ५ बैशाख ।**

निर्वाचन आयोगले पालिका चुनावका लागि सोमवारसम्म ४६ जिल्लाका लागि ९५ लाख २५ हजार थान मतपत्र छापिसकेको जनाएको छ ।

पत्रकार सम्मेलन अन्तर्गत सोमवारको कार्यक्रममा आयोगका प्रवक्ता पौडेलले एक करोड ९४ लाख थान मतपत्र आवश्यक पर्नेमा अहिलेसम्म त्यो परिणाममा मतपत्र छापिसकिएको जानकारी दिए ।

आयोगले मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयले प्रयोग गर्ने साइन बोर्ड, लेटर प्याड र छापको नमुना प्रदेश निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालयमार्फत पठाउन पनि पत्राचार गरेको छ ।

साइन बोर्ड, लेटर प्याड र छाप सबै मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयमा एकरूपता ल्याउनका लागि ती सबैको नमुना पठाउन निर्देशन दिइएको आयोगका प्रवक्ता पौडेलले बताए ।

यस्तै आयोगले स्थानीय तह निर्वाचन आचारसंहिता उल्लङ्घन भएको भन्ने समाचार र सूचनाको आधारमा विभिन्न राजनीतिक दल र सम्बन्धित नेतासँग चित्तबुझ्दो जवाफ पेस गर्न पत्राचार गरेको छ ।

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय ....

# जनताको दु:खमा ध्यान पुगोस्

स्थानिय तह निर्वाचनको मिति नजिकिदै जाँदा अहिले राजनीतिक दलका नेता कार्यकर्ताहरु चुनावी माहौलमा निकै तातिएको छ । मुलुक निर्वाचनमय भइरहेको बेला भने आम उपभोक्ता महँगीको मारमा छटपटाइरहेका छन् । अहिले बजारमा सबै सामानहरुको मुल्य आकाशिएको छ भने पेट्रोलियम पदार्थको मुल्यले सवारीधनीको खल्तीमा भार परेको छ । यसैबीच खाना पकाउने ग्यासको चरम अभावले त गृहणीहरुको भान्सा पनि सागुरो हुँदै गएको छ । एकातिर चुनावी माहोल अर्कोतिर महँगीको थप भारले नेपाली जनता पिरोलिदै गएका छन् ।

यतातिर लामो समयदेखी वित्तिय संस्थाहरुले ऋृण दिन रोक लगाएपछि अहिले उद्योग व्यापार गर्नेहरु थप मारमा परेका छन् । उनीहरुलाई व्यापार संचालन गर्न किठनाई भइरहेको छ । राष्ट्र बैंकले तरलताको आभाव देखाएर ऋृण सेवा बन्द गरेको छ । यसरी मुलुकमा आर्थिकदेखी खाद्यान्न संकट देखापरेको अवस्थामा जनता चुनावी रंगमा रंगिएको देखिन्न् । उनीहरु अहिले पनि समयमै निर्वाचन हुने कुरामा विश्वस्त छैनन् । जुन मुलुकमा जनतामाथी आएको संकटलाई सरकारले समाधान गर्न सक्दैन सो मुलुकका जनता सुखी हुदैनन् । सरकारको पहिलो प्राथमिकता जनतालाई सुखी राख्ने हो । तर अहिले सरकारको त्यसतर्फ ध्यान पुग्न सकेको छैन् । राजनीतिक उमंगमा सरकार डुबेको अवस्थामा जनताको सुख दु:ख प्रति ध्यान नपुग्नु विडम्बना हो ।

सरकारले चुनावका साथ साथै जनताको समस्या समाधान गर्नेतर्फ पनि ध्यान पुऱ्याउनु आवश्यक छ । अनि मात्र मुलुकमा राजनीति फष्टाउँछ । होइन भने राजनीति पनि धरापमा पर्ने निश्चित छ । तसर्थ यसका लागि सरकारले जनताको समस्या बुझेर सक्दो पहल गर्नु आवश्यक छ ।

# विसं २०७८ : प्राकृतिक विपत्तिले सताएको वर्ष

**नारायण ढुङ्गाना**
काठमाडौँ, ५ वैशाख (रासस) ।

मेलम्चीको पानी काठमाडौँवासीको सपना जस्तै किन भएको थियो भने उनीहरुले यसका लागि तीन दशकभन्दा लामो प्रतिक्षा गरिसकेका थिए । यतिका वर्षको पर्खाइपछि मेलम्ची खोलाको पानी गत वर्ष काठमाडौँसम्म आइत आइपुग्यो तर लामो समय रहन भने सकेन ।

मनसुन सुरु भएकै दिन गत असार १ गते सिन्धुपाल्चोकमा भिषण बाढी आयो । वर्षाको आगमन नहुँदै त्यसरी भिषण बाढी आउला भन्ने कल्पनासम्म पनि थिएन स्थानीयको । त्यस दिनको बाढीले यति बिपत्ति ल्याइदियो कि यहाँका कैयौँ स्थानीयको ज्यान लियो र भौतिक सम्पत्ति नष्ट गरिदियो । यी स्थानीयको सपनासँगै काठमाडौँवासीको सपना पनि त्यो बाढीले बगाइदियो । मेलम्ची खोलामा आएको बाढीले मेलम्ची खानेपानी आयोजनाका केही संरचना नै बगाइदियो ।

त्यसदिन हेलम्बु र मेलम्चीवासी कहालीलाग्दो विपद्मा परे । ठूलो जनधनको क्षति भयो । कैयौँका थातथलो मेलम्ची नदीको बगरभित्रै विलाएर गयो भने केहीको बासै उठिबास लगायो । दशकौँदेखिको काठमाडौँ उपत्यकावासीको मेलम्चीको पानी खाने सपना पूरा हुनै लाग्दा फेरि हरायो । उपत्यकावासीले प्यास नमेट्दै पानी उतै थुनियो । बाढीले पुल, सडक, पानीको मुहानमा गम्भीर असर पारेकाले कैयौँ दिन स्थानीयको मुखमा गाँस पनि परेन । एकातिरको विपद् थेग्न यो मुस्किल परिरहेका बेला उता हिमाली जिल्ला मनाङमा पनि बाढीले वितण्डा मच्चायो । घर, खेत, विद्यालय, सामुदायिक भवन भत्किए, बगे । कहाँ पानी पऱ्यो अनि कहाँबाट एक्कासी त्यस्तो बाढी आयो कसैले भेउ पाएनन् ।

विगतका इतिहासमा यसरी बाढी आएको नदेखेको त्यहाँका स्थानीय बुढापाकाको अनुभव छ । पहाडी भेग बझाङ, कालीकोट, म्याग्दी, रुकुमलगायत जिल्लामा पहिराको पिरले छाडेन । हल्का वर्षामै पहाड चिरा परेर भेल पहिरोले घर, गाउँको बासै उठायो ।

कतिपय स्थानमा सञ्चार सम्बन्ध नै विच्छेद हुँदा उद्धार र राहत पुऱ्याउन तीन चार दिन लाग्यो । अहिले पनि चिराचिरा परेका पहाडले भोलिको भेलपहिराको निम्तो गरिरहेको सङ्केत दिएजस्तो लाग्दछ ।

नेपाल भौगोलिक विविधताले जति प्रख्यात छ, बहुप्रकोपको लहरले उति नै जोखिम पनि छ । बाढी, पहिरो तथा भूकम्प जस्ता प्राकृतिक प्रकोपबाट नेपाल प्रभावित देश हो ।

जलवायु परिवर्तनको असरका कारण तापक्रम बढ्दै जानुका साथै वर्षा पनि अनियमित हुने गरेको छ । परिणामत: खडेरी, बाढी तथा प्रतिकूल मौसम जस्ता प्राकृतिक प्रकोपको सामना गरिरहनुपरेको छ । यसका कारण कतैकतै महामारी र सुक्खापन फैलिनुका साथै समुदायको जनजीवन र कृषि उत्पादनमा प्रतिकूल असर परिरहेको छ ।

जलवायु परिवर्तनकै असरका रुपमा २०७८ कात्तिक पहिलो साता आएको बेमौसमी बाढीलाई पनि लिन सकिन्छ । यो प्रकोपमा परी १०० बढीले ज्यान गुमाए । अर्बौंको भौतिक क्षति बेहोर्नु पऱ्यो ।

मुस्ताङको टुक्चेपिकमा कात्तिक २८ मा अकस्मात हिमपहिरो गयो । जलवायु परिवर्तन विज्ञ डा डमिन्द्र दाहाल यो असामान्य घटना भएको सुनाउनुहुन्छ । "मेलम्ची खोला अकल्पनीयरुपमा उर्लेर तहसनहस पार्नेगरी आयो, कात्तिक पहिलो साता बेमौसममा ठूलो क्षति हुने गरी भारी वर्षा भयो, सामान्यतया हिउँ जम्ने बेलामा कात्तिकमै हिउँ पहिरो खस्नु भनेको जलवायु परिवर्तनको प्रत्यक्ष असर हो", दाहालले भन्नुभयो ।

प्राकृतिक र मानव सिर्जित विपद्को महामारी नेपालमा हरेक वर्ष बढ्दो छ । प्राकृतिक विपद् भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरीबतास, शीतलहर, तातो हावाको लहर, चटयाङ, भूकम्प, ज्वालामुखी विष्फोट, डढेलो आदि भनेर बुझिन्छ ।

मानवसिर्जित विपद्मा महामारीजन्य रोग, अनिकाल, पशुरोग, चराचुरुङ्गीबाट हुने बर्डफ्लू, सर्पदंश, जनावर आक्रमण खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास, रसायन एवं विकीरण चुहावट तथा ग्यास विष्फोटनले ल्याउने विपद्लगायत बुझिन्छ ।

युनिसेफले गरेको एक अध्ययनअनुसार विगत २५ वर्षमा देशका ८६ प्रतिशतभन्दा बढी घरधुरीले कुनै न कुनै प्रकारले खडेरीको सामना गर्नुपरेको छ ।

बाढी र पहिरो र यससँग सम्बन्धित जोखिम विद्यमान उच्च गरिबी र खानेपानी तथा सरसफाइ जस्ता अत्यावश्यक सेवाको पहुँचसँग मिसिन जान्छन् ।

नेपालका सन्दर्भमा गण्डकी, कर्णाली, मधेस प्रदेशले कैयौँ पटक खडेरी र बाढीको सामना गरिसकेका छन् । पहाडी क्षेत्र पहिरोबाट प्रभावित छ । बारम्बार भइरहने विपद्का घटनामा भुकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, चटयाङ, शीतलहर जस्ता घटना प्रमुख छन् ।

गृहमन्त्री बालकृष्ण खाण मुलुकका प्राकृतिक विपद् बढ्दो क्रममा रहेकाले विशेष ख्याल गर्दै सोहीअनुसारको रणनीति बनाउन जरुरी रहेको औँल्याउनुहुन्छ ।

विसं २०७६ देखि निरन्तर रहेको कोभिड-१९ महामारीको तनावले नेपाललाई २०७८ मा पनि छाडेन । त्यसले अझै पनि मानवीय र आर्थिक क्षति पुऱ्याउनेक्रम जारी छ ।

**तथ्याङ्कमा २०७८ को विपत्ति**

वर्ष २०७८ प्राकृतिक विपद्का हिसाबले अत्यन्त खराब स्थितिमा गुज्रियो । बाढी पहिराबाट मुलुकले नसोचेको मानवीय क्षति बेहोर्न पुग्यो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार वर्ष २०७८ मा देशभरमा विभिन्न प्रकृतिका तीन हजार ९०४ वटा विपत्ति आइलागे । ती विपद्मा परेर कूल ५०५ जनाले अकालमा ज्यान गुमाएका छन् । अझै ७६ जना हराइरहेका छन् भने एक हजार ७७७ जना घाइते भएका छन् ।

प्राप्त विवरणमा कूल छ हजार १३८ परिवार प्रभावित भएका जनाइएको छ । विपद्जन्य घटनाबाट दुई अर्ब ६१ करोड बढीको क्षति भएको छ ।

सबैभन्दा बढी घटना आगलागीका दुई हजार ३७१ वटा भए भने सबैभन्दा बढी मानवीय क्षति पहिराबाट भएको छ । पहिरामा परेर १८२ जनाले ज्यान गुमाएका छन् । बाढीबाट ३४ र पहिराबाट ३३ जना बेपत्ता छन् ।

**कुनकुन घटनाबाट कति क्षति ?**

विसं २०७८ मा पहिरो र बाढीले ठूलो मानवीय तथा भौतिक क्षति गराएको छ भने ठूलो सङ्ख्यामा मानिस पनि हराइरहेका छन् । मानवीय क्षतिका हिसाबले वर्ष २०७८ कालो दिन नै बन्न पुग्यो । सिन्धुपाल्चोकलगायत जिल्लामा अकल्पनीय घटनाहरु भए ।

**पहिरो**

विसं २०७८ मा कूल ३४४ पहिरो गएको र त्यसबाट १८२ व्यक्तिको मृत्यु भएको छ । कूल ३३ बेपत्ता र १४० जना घाइते भएका छन् भने ६१५ परिवार प्रभावित भएका जनाइएको छ । पहिराबाट मात्रै रु तीन करोड ५० लाखको क्षति भएको छ ।

*बाँकी तीन पृष्ठमा*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

**होमियोप्याथिक रिसर्च इन्स्टिच्युट**

**डा. सुशील मोहन दास**
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८



**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



**डा. कालीप्रसाद यादव**

**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सातौं कृषि गणना : परिणाम आउन ५० दिन लाग्ने

काठमाडौं, ५ वैशाख (रासस)।

मङ्गलबारदेखि ७७ जिल्लाका ७५३ पालिकाका तीन लाख ५० हजार किसानका घरघरमा पुगी कृषि गणना सुरु गरिने भएको छ। कृषि गणनाका लागि पाँच हजार २०० गणक र एक हजार ३०० सुपरीवेक्षक आआफ्नो कार्यस्थलमा पुगिसकेको केन्द्रीय तथ्याङ्क विभागका उपमहानिर्देशक हेमराज रेग्मीले राससलाई जानकारी गराउनुभयो।

यसअघि विसं २०६८ मा कृषि गणना भएको थियो। केन्द्रीय तथ्याङ्क विभागले प्रत्येक १०/१० वर्षमा कृषि गणना सुरु गर्दै आएको छ। यो सातौं कृषि गणना हो। नेपालमा पहिलो कृषि गणना २०१८ सालमा भएको थियो।

वैशाख ६ देखि १९ सम्म सञ्चालन हुने कृषि गणना स्थानीय तहमा वैज्ञानिक विधिले छनोट गरिएका कूल तीन लाख ५० हजार कृषक परिवारसँग व्यक्तिगत अन्तर्वार्ताद्वारा कृषि क्रियाकलापसम्बन्धी विस्तृत विवरण सङ्कलन गरिने भएको छ। तथ्याङ्क सङ्कलनका लागि गणक र सुपरीवेक्षकका लागि ४५ दिनको समय तोकिएको छ।

सातौं कृषि गणनामा गणकले सङ्कटमा रैथाने पशुपक्षीको तथ्याङ्क, सम्पूर्ण बाली, माछा, पशुपक्षीपालन खेतीयोग्य जमिनको अवस्थाका बारेमा तथ्याङ्क सङ्कलन गर्नेछन्। राष्ट्रिय जनगणना सुरु भएको छ महिनापछि हुन लागेको यस कृषि गणनामा कृषकलाई २४ प्रश्न सोधिन केन्द्रीय तथ्याङ्क विभागले जनाएको छ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयको तथ्याङ्कमा नेपालमा हाल झण्डै ६६ प्रतिशत किसान रहेका र कूल गार्हस्थ उत्पादनमा कृषि तथा पशुपक्षी क्षेत्रको योगदान २७ प्रतिशत रहेको उल्लेख छ।

राज्यले कृषिप्रधान मुलुक भने पनि भन्सार विभागको पछिल्लो तथ्याङ्कअनुसार चालू आर्थिक वर्षको आठ महिना फागुन मसान्तसम्म कूल आयातको करिब एक तिहाइ अंश प्रत्यक्ष कृषिजन्य उत्पादनको छ।

यस वर्षको कृषि गणनामा पारिवारिक, व्यावसायिक, तथा संस्थागतरुपमा बाँझो जमिनको तथ्याङ्क सङ्कलन गरिने भएको छ। यसअघिको कृषि गणनाले १० लाख हेक्टर जमिन बाँझो रहेको उल्लेख छ। विज्ञका अनुसार नेपालमा बाँझो जमिनको आँकडा फराकिलो बन्दै गएको छ।

सातौं कृषि गणनाले किसानको सङ्ख्या, पशुपक्षीको गणना, कृषि ऋण, कृषि मजदुर, कृषिमा महिलाको सहभागिता, सिँचाइ, अनुदान लिने किसानको सङ्ख्या, कृषि औजारको प्रयोग, कृषिमा यान्त्रीकीकरण, कृषि बिमा, रासायनिक मल, उन्नत बीउविजनको प्रयोग आदिका बारेमा तथ्याङ्क बाहिर आउने भएको छ।

कृषि गणनाबाट योजना तर्जुमा तथा नीतिनिर्माण, अनुगमन तथा मूल्याङ्कन, नीति र निर्मातालाई सहयोग पुग्ने अपेक्षा गर्न सकिने विभागका निर्देशक राजन सिलवालले जानकारी दिनुभयो।

राज्यले कृषि उत्पादनलाई ध्यान दिएको भए पनि प्रतिफल सोचेअनुरुप प्राप्त हुन सकेको छैन। कृषि कर्म गर्नसक्ने युवा वैदेशिक रोजगारमा जानु, राष्ट्रिय गौरवका सिँचाइका आयोजना समयमा नै निर्माण हुन नसक्नु, खेतीयोग्य जमिन प्रायःघडेरीमा रुपान्तरण हुनु, राज्ले उचित समयमा रासायनिक मल, उन्नत बीउविजन उपलब्ध गराउन नसक्नु आदिले कृषिको

*बाँकी अन्तिम पृष्ठमा*

*विसं २०७८ : ...*

**बाढी**

बाढीका १५५ घटना भएकामा ती विपद्मा परेर ६३ जनाको मृत्यु भएको छ। बाढीबाट अन्य ३४ बेपत्ता छन् भने १४ जना घाइते भएका र २८० परिवार प्रभावित भएका छन्। बाढीका कारण रु ११ करोड बढीको भौतिक क्षति भएको छ।

**भारी वर्षा**

भारी वर्षापछि डुबानलगायत विभिन्न समस्याका कारण २२ जनाको मृत्यु र एक जना बेपत्ता भए। भारी वर्षाका कारण ४८ जना घाइते भएका तथा ४६३ घर प्रभावित भएका छन् भने कूल रु १२ करोडको क्षति भएको छ।

**चट्याङ**

विभिन्न क्षेत्रमा २०२ पटक चट्याङ गएकामा ५६ जनाको मृत्यु भएको छ। २९३ परिवार प्रभावित भएकामा १७७ घाइते भएका छन्। रु दुई करोड बढीको क्षति भएको छ।

**हावाहुरी**

हावाहुरीका ५६ घटना भएकामा तीन जनाको मृत्यु तथा एक बेपत्ता छन्। कूल २७३ घर प्रभावित भएकामा १० जना घाइते भए। रु तीन करोड ३५ लाख बराबरको क्षति भएको छ।

**हिउँपहिरो र हुरी**

हिउँपहिरो र हिउँ हुरीका १० घटना भएकामा छ जनाको मृत्यु तथा १२ जना भाइते भएका छन्। कूल २० परिवार प्रभावित भएका जनाइएको छ।

**२०७७ सालको क्षति**

२०७७ मा कूल चार हजार २०५ प्राकृतिक विपत्तिमा ५९१ जनाको मृत्यु भएको छ भने १०१ जना बेपत्ता भए। यो दशककै सबैभन्दा बढी मानवीय क्षति भएको वर्ष हो।

पहिराले मात्रै ३०१ व्यक्तिको ज्यान लियो भने ६४ बेपत्ता भए। त्यसपछि आगलागीबाट ९७ र चट्याङबाट ७० जनाले ज्यान गुमाएका छन्। बाढीबाट ४२ को मृत्यु र ३७ बेपत्ता भए।

**२०७६ को क्षति**

यो वर्ष चार हजार ३४ विपद्का घटनामा ३८१ को मृत्यु भएको छ। कूल ४८ जना बेपत्ता भए। यस वर्ष सबैभन्दा बढी चट्याङका कारण ८८ जनाले ज्यान गुमाए। पहिराले ८३ र बाढीले ७३ को ज्यान लियो।

**बढ्दै विपत्ति**

पछिल्ला केही वर्षयता मनसुनजन्यसहित विपद्का घटना बढ्दो छ। एक दशकको तथ्याङ्क हेर्दा २०७२ सालसम्म विपद्का दुई हजारभन्दा कम घटना भएका थिए।

विसं २०७३ पछि विपद्का घटना क्रमश : दुई हजारबाट उकालो लागेकामा पछिल्ला केही वर्ष (२०७५-२०७७)मा भने चार हजार बढी प्राकृतिक विपत्ति निम्तिए।

बाढीका कारण हुने मानवीय क्षति घटे पनि पहिराबाट हुने क्षति बढ्दै जाने अर्को जोखिमको विषय बन्न पुगेको छ। अधिकांश घटना मनसुनका बेला भएकाले उक्त तथ्याङ्कले नेपालमा मनसुनजन्य जोखिम थप चुनौतीपूर्ण रहेको देखिएको छ।

विपद् व्यवस्थापन विज्ञ डा कृष्ण देवकोटा पछिल्ला वर्षमा पहिराबाट हुने विपद् थप चुनौतीपूर्ण बन्दै गएको बताउनुहुन्छ।

**हरेक दृष्टिकोणबाट जोखिम**

जल प्रकोपका कारण हुने मृत्युका हिसाबले नेपाल दक्षिण एसियामा नै सबैभन्दा उच्च जोखिम भएको मुलुकमा पर्छ। भूकम्प र जलप्रकोपबाट बढी क्षति पुग्ने देशमध्ये नेपाल विश्वमा क्रमश: ११औं र ३०औं स्थानमा छ।

जलवायु परिवर्तनको जोखिमका दृष्टिले नेपाल चौथोमा पर्छ। प्राप्त तथ्याङ्कमा नेपालमा ७० देखि ८० प्रतिशत जनसङ्ख्या कुनै न कुनै विपद्को जोखिममा छन्।

वार्षिक तीन लाख ३५ हजार जनसङ्ख्या प्रत्यक्ष प्रभावित हुने र तीमध्ये ५० प्रतिशत बालबालिका प्रभावित हुने गरेका छन्।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुबैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - सडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**


**डा. आदर्श कुमार सिंह**

**Dr. Adarsh Kumar Singh**



MBBS, MD TU
NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**

**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**

**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


# विश्व समाचार

## तीन महिनामा छ जनालाई गोहीले खायो

दार एस सलाम, ५ वैशाख (रासस/सिन्ह्वा)।

तान्जानियामा यो वर्ष सुरु भएपछिको पहिलो तीन महिनामा एक नदी छेउमा कम्तीमा छजनालाई गोहीले खाएको छ।

यहाँका अधिकारीहरुले दिएको जानकारीअनुसार ती नागरिक यहाँको किबाहा जिल्लाको एक नदी किनारमा कामका सिलसिलमा पुगेका बेला नदी किनारमा उनीहरुलाई गोहीले आक्रमण गरेको हो।

सो जिल्लाका प्रहरी अधिकारीले दिएको जानकारीअनुसार यसै वर्षको जनवरीदेखि मार्चसम्ममा ती नागरिकलाई गोहीले आक्रमण गरेको थियो।

यहाँको किमारासिले गाउँका प्रमुख सालुम बुंगोले त्यस गाउँका नागरिकलाई यसअघि पनि गोहीले आक्रमण गरी घाइते बनाउने गरेको थियो।

बुंगोले आफ्नो बुबा पनि गोहीको आक्रमणमा परेको बताउनुभयो। उहाँले गोहीले आक्रमणमा परी मृत्यु भएका छजना मध्ये आफ्नो पिता पनि एक भएको बताउनुभयो।

उहाँले यहाँका नागरिकले गोहीबाट हुने यस प्रकारको हमलाबाट सुरक्षाका लागि सरकारसँग आग्रह गरिरहेका पनि जानकारी दिनुभयो।

## आसाममा चट्याङ लागेर १४ को मृत्यु

नयाँ दिल्ली, ५ वैशाख।

भारतको आसाम राज्यमा चट्याङ लागेर कम्तीमा पनि १४ जनाको ज्यान गएको बताएको छ। आइतबार यहाँ आएको भीषण वर्षा र चट्याङमा परेर ती नागरिकको ज्यान गएको बताएको छ।

आसाममा शुक्रबारदेखि व्यापक वर्षा भएको छ। वर्षासँगै हावाहुरी पनि आएको र यहाँका कतिपय भौतिक संरचनामा पनि क्षति पुऱ्याएको थियो।

आसामको प्राकृतिक प्रकोप व्यवस्थापन विभागले दिएको जानकारीअनुसार शुक्रबार आठजनाको ज्यान गएको थियो भने आइतबार थप छजनाको ज्यान गएको थियो। यहाँ चट्याङबाट मात्र अरू दर्जनौं व्यक्ति नागरिक घाइते भएका पनि अधिकारीहरुले जनाएका छन्।

यस क्षेत्रमा वर्षासँगै पर्ने चट्याङले समयसमयमा नागरिकको ज्यान जाने गरेको छ। शुक्रबारदेखि आइतबारसम्म जारी रहेको वर्षा, हावाहुरीले दसौं हजार नागरिकका घर भत्काएको तथा अन्य भौतिक संरचनामा क्षति पुगेर प्रभावित भएका बताइएको छ।

## भारतमा दैनिक सङ्क्रमितको सङ्ख्या झन्डै ९० प्रतिशतले वृद्धि

नयाँ दिल्ली, ५ वैशाख (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितहरुको सङ्ख्या झन्डै ९० प्रतिशतले वृद्धि भएको छ।

कोरोनाभाइरसको नयाँ भेरियन्टका रुपमा रहेको ओमिक्रोनको सङ्क्रमण पछिल्लो केही दिनदेखि फेरि बढ्न थालेको छ।

सोमबार दिइएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा एक हजार १५० जना सङ्क्रमित भएका छ। त्यसैगरी पछिल्लो एक दिनमा एक हजार ९८५ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्।

सङ्घीय स्वास्थ्य मन्त्रालयले भारतमा अहिले ११ हजार ५४२ जना सक्रिय सङ्क्रमितहरु रहेका छन्। भारतमा अहिलेसम्म कोरोना भाइरसबाट सङ्क्रमित भएर सङ्क्रमणमुक्त भइसकेकाहरुको सङ्ख्या चार करोड २५ लाख १० हजार ७७३ पुगेको छ। कूल सङ्क्रमितमध्ये ९८.७६ प्रतिशत सङ्क्रमणमुक्त भएका छन्।

मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म पाँच लाख २१ हजार ९६५ जनाको कोरोनाका कारण मृत्यु भएको छ।

## आर्थिक संकटसँग जुध्न श्रीलङ्कामा १७ मन्त्री नियुक्त

कोलम्वो, ५ बैशाख (रासस/एएनआई)।

श्रीलङ्कामा उत्पन्न आर्थिक सङ्कटसँग जुध्न राष्ट्रपति गोटाबाय राजापाक्षेले नयाँ १७ मन्त्री नियुक्त गर्नुभएको छ।

मन्त्रिपरिषद् विस्तार गरेपछि देशमा उत्पन्न राजनीतिक सङ्कट तथा आन्दोलनलाई समेत व्यवस्थापन गर्न सजिलो हुने अपेक्षा गरिएको छ।

त्यसैगरी प्रशासनिक तथा सार्वजनिक कामहरु पनि तीव्र रुपमा हुने र समस्या तथा असन्तुष्टिहरुको सम्बोधन हुने आशा गरिएको उहाँले बताउनु भएको छ।

नवनियुक्त सबै मन्त्रीहरुलाई सोमबार नै राष्ट्रपति कार्यालयमा शपथग्रहण गराई सकिएको राष्ट्रपति कार्यालयले जनाएको छ।

राष्ट्रपति राजापाक्षले अहिले तेस्रो पटक मन्त्रिपरिषद्को पुनर्गठन गर्नुभएको हो। नयाँ थपिएका मन्त्रीहरुमध्ये आठजना पुराना मन्त्रीहरु नै दोहोरिएका छन्।

यसअघि यही अप्रिल ३ मा तत्कालीन मन्त्रिपरिषद्का सबै २६ सदस्यहरुले सामूहिक राजीनामा दिएका थिए। देशमा आर्थिक तथा राजनीतिक सङ्कट बढेपछि आम नागरिक आन्दोलित भएकाले मन्त्रीहरुले सामूहिक राजीनामा दिएका हुन्।

आर्थिक सङ्कटका कारण देशमा अत्यधिक मूल्य वृद्धि भएको छ भने कतिपय वस्तु तथा सेवाको चरम अभाव भएको छ।

# बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाइने

काठमाडौं, ५ वैशाख (रासस)। सरकारले यही वैशाख ६ र ७ गते बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउने भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले राष्ट्रिय भिटामिन कार्यक्रमअन्तर्गत ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई भिटामिन 'ए' तथा १२ महिनादेखि ५९ महिनासम्मका बालबालिकाकालाई जुकाको औषधि खुवाउने तयारी गरेको छ। भिटामिन 'ए' क्याप्सुल २७ लाख बालबालिका तथा जुकाको औषधि २४ लाख बालबालिकालाई खुवाइने परिवार कल्याण महाशाखा, पोषण शाखा प्रमुख लिलाविक्रम थापाले जानकारी दिनुभयो।

भिटामिन 'ए' क्याप्सुल सन् १९९३ देखि र भिटामिन 'ए'सँगै जुकाको औषधि सन् २००१ देखि खुवाउन थालिएको हो। उहाँका अनुसार भिटामिन 'ए' कार्यक्रमका लागि ५२ हजार स्वास्थ्य स्वयंसेविका र १५ हजार स्वास्थ्यकर्मी परिचालन गरिने छ। उक्त कार्यक्रमका लागि रु ६ करोड ७२ लाख बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो।

वर्षमा दुई पटक पहिलो चरणमा कात्तिक २ र ३ गते तथा दोस्रो चरणमा वैशाख ६ र ७ गते बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउने गरिन्छ। मन्त्रालयले नजिकैको वितरण केन्द्रमा गई भिटामिन 'ए' र जुकाको औषधि खुवाउन अभिभावकलाई आग्रह गरेको छ।

## सातौं कृषि ...

परनिर्भरता बढ्दै गएको छ।

आर्थिक वर्ष २०७८/०७९ का लागि प्रस्तुत बजेटमा कृषिको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरणमार्फत आगामी पाँच वर्षभित्र कृषिको दिगो विकास गरी कृषिमा आत्मनिर्भर बन्ने योजना अघि सार्दै आए पनि बाँझो जमिनको उपयोग, भूमिहीन सुकुम्बासीलाई जमिन दिने विषय गौण रहेका छन्। नेपालमा भूमिहीन तथा साना किसानको सङ्ख्या ४० लाख रहेको अनुमान छ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले करार खेती गर्न चाहनेलाई आवश्यकताअनुसार जमिन उपलब्ध गराउन सकेको छैन। खेतीयोग्य जमिनको खण्डीकरण रोक्न नसक्नु, बाँझो र बगर जमिनलाई उपयोगमा ल्याउन नसक्नाले कृषिमा आयात चुलिँदै गएको छ।

राज्यले कृषि मजदुर, भूमिहीन र सिमान्तकृत, मझौला र कृषि क्षेत्रमा संलग्न किसानलाई जमिन उपलब्ध गराउन सकेको छैन। छैठौं कृषि गणना २०६८ मा १ लाख १६ हजार व्यक्तिले आफ्नै जमिन नभएका कारण कृषि पेशा गर्न नपाएको उल्लेख छ। गणना अनुसार ७१ प्रतिशत जनता पूर्णकालीन कृषक रहेकामा ८३ प्रतिशत जनता कृषि पेशामा आत्मनिर्भर छन् भने ४२ प्रतिशत कृषकले कृषि ऋण पाउन सकेका छैनन्। अब हुने सातौं कृषि गणनाको परिणाम कस्तो प्राप्त हुने हो त्यसको परिणाम आउन झन्डै ५० दिन पर्खनुपर्ने भएको छ।

# बीस प्रतिशत इन्धन खर्च कटौती

काठमाडौँ, ५ वैशाख (रासस)। सरकारले आगामी असार मसान्तसम्म २० प्रतिशत इन्धन खर्च कटौती गर्ने भएको छ। गत चैत ३० गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयका आधारमा अर्थ मन्त्रालयले सोमबार एक सूचना जारी गर्दै खर्च कटौती हुने जनाएको हो।

"अर्थसम्बन्धी अध्यादेशहरुलाई प्रतिस्थापन गर्ने विधेयकका सम्बन्धमा सङ्घीय संसद्मा प्रस्तुत भएको वक्तव्यको बुँदा नं १५ मा प्रशासनिक र इन्धन खर्चमा १० प्रतिशतले कटौती गर्ने उल्लेख छ, बढ्दो व्यापार घाटा, विप्रेषण आप्रवाहमा कमी र वैदेशिक मुद्राको सञ्चितिमा परेको चापलाई दृष्टिगत गर्दै चालु आर्थिक वर्ष २०७८/७९ मा इन्धन शीर्षकमा विनियोजित बजेटमा थप कटौती गर्ने निर्णय भएको हो", अर्थले जारी गरेको सूचनामा भनिएको छ।

इन्धन शीर्षकमा विभिन्न मन्त्रालय/निकाय तथा नेपाल सरकारसँग सम्बद्ध सार्वजनिक सङ्घ संस्थाहरु विकास आयोजना, शान्तिसुरक्षा, अत्यावश्यक सेवा र आसन्न स्थानीय निर्वाचन प्रयोजनका २० प्रतिशत इन्धन खर्च कटौती लागू हुनेछैन।

छुट्टै ऐनबाट इन्धन सुविधा प्राप्त गर्ने पदाधिकारीहरुको इन्धन सुविधा २० प्रतिशतले कटौती हुनेछ। बीस प्रतिशत इन्धन कटौती भए/नभएको विषयमा अनुगमन केन्द्रीय निकायहरु, सबै संवैधानिक निकाय, प्रदेशमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हुने सूचनामा उल्लेख छ।


## टाईफाइड रोग विरुद्ध खोप अभियान २०७८/०७९

सप्तरी जिल्लामा यहि मिति २०७८ साल चैत महिना २६ गतेदेखि सबै वडा र स्थानिय तहमा टाईफाइड रोग विरुद्धको खोप अभियान संचालन हुदैछ। यस अभियानमा १५ महिनादेखि १५ वर्ष मुनि उमेर सम्मका सबै बालबालिकाहरुलाई टाईफाइड रोग विरुद्धको खोप लगाईदैछ। यस अभियानमा आ-आफ्ना बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर नछुटाई टाईफाइड रोग विरुद्धको खोप लगाउनु हुन अनुरोध छ। यो अभियान तोकिएको मितिमा आफ्नो स्थानिय तह वा वडा अन्तर्गतको विद्यालय तथा स्वास्थ्य संस्थामा संचालन हुने खोप केन्द्रमा बालबालिकालाई खोप लगाऔं।

**अभियान संचालन हुने गाउँपालिका र नगरपालिकाको नाम र मिति :**

**पहिलो चरण**

| सि.नं. | पालिकाको नाम | मिति |
|---|---|---|
| १ | डाकनेश्वरी नगरपालिका | २०७८/११/२६ गतेदेखि २०७८/११/३० गते सम्म |
| २ | राजगढ गाउँपालिका | |
| ३ | छिन्नमस्ता गाउँपालिका | |
| ४ | बोदेबरसाइन नगरपालिका | |
| ५ | सुरुङ्गा नगरपालिका | |
| ६ | विष्णुपुर गाउँपालिका | |
| ७ | खडक नगरपालिका | |
| ८ | बलान बिहुल गाउँपालिका | |
| ९ | शम्भुनाथ नगरपालिका | |

**दोश्रो चरण**

| सि.नं. | पालिकाको नाम | मिति |
|---|---|---|
| १ | कन्चनरुप नगरपालिका | २०७९/०१/०४ गतेदेखि २०७९/०१/०८ गते सम्म |
| २ | राजविराज नगरपालिका | |
| ३ | हनुमाननगर कंकालिनी नगरपालिका | |
| ४ | सप्तकोशी नगरपालिका | |
| ५ | अग्निसाइर कृष्णसवरण गाउँपालिका | |
| ६ | तिरहुत गाउँपालिका | |
| ७ | तिलाठी कोइलाडी गाउँपालिका | |
| ८ | महादेवा गाउँपालिका | |
| ९ | रुपनी गाउँपालिका | |

जिल्ला खोप समन्वय समिति
स्वास्थ्य कार्यालय सप्तरी



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी



## हावाहुरीबाट बचौं र बचाऔं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतमा गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np